Grampians Health
Grampians Public Health Unit

# दादुरा विदेशमा फैलिरहेको छ, र भिक्टोरियामा संक्रमण बढ्दै गएको छ।

दादुरा धेरै सजिलै फैलिने एक भाइरल रोग हो जसले कहिलेकाहीं स्वस्थ वयस्क र बच्चाहरूमा पनि गम्भीर रोग निम्त्याउँछ।
१ महिना वा सोभन्दा बढी समयको अन्तरालमा **२ मात्रा** MMR **खोप लगाएर यसलाई रोक्न सकिन्छ।** 2 rt

## MMR खोप लगाएर आफूलाई सुरक्षित राख्नुहोस्

- आजीवन सुरक्षाको लागि MMR **खोपको २ डोज** (दादुरा, हाँडे र रुबेला) लगाइएको सुनिश्चित गर्नुहोस्।
- **यदि तपाईं १९६६ र १९९२ को बीचमा अष्ट्रेलियामा जन्मनु भएको हो**, वा तपाईं विदेशमा जन्मनु भएको हो भने, **तपाईंले केवल १ पटक मात्र खोप लिनुभएको हुनसक्छ** र पूर्ण रूपमा सुरक्षित हुनुहुन्न।
- **दुई पटक लिनुभएको छ कि छैन भन्ने तपाईंलाई थाह नभए अर्को** MMR **लिनुहोस्!**
- MMR **सुरक्षित** र **अत्यधिक प्रभावकारी छ।**
- MMR **खोपको लागि आफ्नो** GP, **फार्मेसी, स्थानीय परिषद् वा आदिवासी स्वास्थ्य सेवालाई** सम्पर्क गर्नुहोस्।
- खोप लगाउनका लागि तपाईंसँग मेडिकेयर कार्ड हुनु आवश्यक छैन।
- विदेश यात्रा गर्नुअघि तपाईं र तपाईंको परिवार (६-११ महिनाका बच्चाहरू सहित) लाई पूर्णरूपमा खोप लगाइएको छ भनी सुनिश्चित गर्नुहोस्।

## तपाईंले अहिले नै MMR खोप लगाउनु पर्छ:

- तपाईंसँग MMR को **२ मात्रा लगाइएको दर्साउने खोप अभिलेख नहुँदा** । वा,
- रगत परीक्षणले तपाईंमा दादुरा प्रतिरोधक शक्ति छ भन्ने नदर्साएसम्म। वा,
- तपाईंको जन्म १९६६ भन्दा पहिले अस्ट्रेलियामा नभएको भए।

## दादुरा एक गम्भीर संक्रमण हो

- अष्ट्रेलियामा दादुराको संक्रमण साधारण होइन। विदेश यात्रा गरेका वा दादुरा लागेको व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरूलाई संक्रमणको अत्यधिक जोखिम हुन्छ।
- यसका लक्षणहरूमा ज्वरो, खोकी, नाकबाट पानी बग्नु, आँखा रातो हुनु र अनुहारबाट सुरु भएर शरीरमा फैलिने दागहरू पर्छन्। धेरै मानिसहरूलाई अस्पताल जानुपर्ने हुन्छ।
- केही मानिसहरूलाई फोक्सोको संक्रमण (निमोनिया), मस्तिष्क सुन्निने (इन्सेफलाइटिस), गर्भावस्थाको जटिलता वा दीर्घकालीन प्रतिरक्षा समस्याहरू सहित गम्भीर रोग लाग्न सक्छ।
- तपाईंलाई दादुराको लक्षणहरू देखा परेमा कृपया आफ्नो जीपीलाई भेट्नुहोस्। पहिले नै सम्पर्क गर्नुहोस् र आफ्नो चिकित्सकिय भेटमा मास्क लगाउनुहोस्।
- थप जानकारीको लागि यहाँ जानुहोस्:
https://www.betterhealth.vic.gov.au/health/conditionsandtreatments/measles a